# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना, २०८०

राजदेवी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

राजदेवी, रौतहट

मधेश प्रदेश, नेपाल

# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना, २०८०

**सर्वाधिकार © राजदेवी नगरपालिका**

**राजदेवी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल
वेभसाईटः www.rajdevimun.gov.np
इमेलः rajdevimata123@gmail.com
फोनः ९८५५०४४०२३

प्राविधिक सहयोग
सारथी अनुसन्धान तथा विकास प्रा.लि.
गौर, रौतहट
मधेश प्रदेश, नेपाल
वेभसाईटः www.sarathirnd.com.np
इमेलः sarathi2076@gmail.com



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

# विषय सूची


१. पृष्ठभूमि ........ 8

२. नगरपालिकाको संक्षिप्त परिचय ........ 10

३. रणनीतिक योजनाको आवश्यकता र औचित्य ........ 10

४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको कानूनी आधारहरु ........ 11

५. अवस्था विश्लेषण ........ 12

**५.१.१ सबल पक्षहरु** ........ 12

**५.१.२ कमजोर पक्ष** ........ 12

**५.१.३ अवसर** ........ 13

**५.१.४ चुनौती** ........ 14

६. सरोकारवालाको पहिचान तथा विश्लेषण ........ 14

७. लक्षित वर्गको पहिचान ........ 15

८. दीर्घकालिन सोच ........ 15

९. लक्ष्य ........ 15

१०. उद्देश्य ........ 16

११. रणनीति ........ 16

१२. रणनैतिक क्रियाकलाप ........ 16

१३. वित व्यवस्थापन ........ 23

१४. कानुनी व्यवस्था ........ 23

१५. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ........ 23

१६. रणनीति कार्यान्वयन अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था ........ 25

१७. जोखिम व्यवस्थापन ........ 25

**१७.१ संभाव्य जोखिम** ........ 26

**१७.२ जोखिम न्यूनिकरणको लागि ध्यान दिनुपर्ने कुराहरु** ........ 26




राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी शब्दावलीहरु

क) "सामाजिक वञ्चितीकरण" भन्नाले औपचारिक नियम, ऐन, कानुन आदि तथा परम्परा देखि चलि आएको अनौपचारिक मूल्य मान्यता बमोजिम लिङ्ग, जातजाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई सम्झनुपर्छ।

ख) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरूलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयाहरूमा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ।

ग) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनुपर्दछ।

घ) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ।

ङ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्वन्धहरूलाई पुनःसन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ।

च) "बञ्चित समूह" भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका एवम् दुर्गक क्षेत्रमा बसोवास गर्ने जनता सम्झनुपर्दछ।

छ) "अल्पसंख्यक" भन्नालेसंघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।

ज) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

झ) "लैङ्गिक प्रभाव विष्लेषण" भन्नाले रणनीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनुपर्दछ।

ञ) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रो लिंगी, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनुपर्दछ।

ट) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ।

ठ) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नालेकुनै पनि योजनाबद्ध कार्य, रणनीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरूलाई समाहित गर्ने प्रक्रियालाई सम्झनुपर्दछ।

ड) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताका लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

ढ) "सामाजिक वञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ।

ण) "सशक्तिकरण" भन्नाले विकासका अवसरहरूवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडि परेका, पारिएका अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनुपर्दछ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

त) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रक्रिया सम्झनुपर्दछ।

थ) "सार्वजनिक परीक्षण" भन्नाले प्रत्येक आयोजना तथा कार्यक्रमका लागि छुट्याइएको बजेट अनुसार खर्च भयो कि भएन भनेर आर्थिक पारदर्शिता लेखाजोखा गर्ने विधिलाई सम्झनुपर्दछ।

द) "सामाजिक परीक्षण" भन्नाले नगरपालिकाद्वारा समग्र रुपमा सञ्चालित योजना तथा कार्यक्रमहरुले सामाजिक तथा आर्थिक रुपमा प्राप्त गरेको उपलब्धीको लेखाजोखा गरी आगामी योजना निर्माणमा पृष्ठपोषण प्राप्त गर्ने प्रकृयालाई सम्झनुपर्दछ।

ध) "लक्षित वर्ग/समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ।

न) "खण्डीकृत तथ्याङ्क" भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एवं एच.आई.भि. संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरणमा परेका समुहहरूको वडागत रुपमा राखिएको वा राखिने तथ्याङ्कलाई सम्झनुपर्दछ।

प) "गरिबी नक्शांकन" गरिबी नक्शांकन भन्नाले एउटा निश्चित भू-भागमा बसोबास गर्ने घरपरिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ।

फ) "सामाजिक समावेशी सम्पर्क ब्यक्ति" भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

ब) "सामाजिक समावेशी बजेट" भन्नाले विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुनेगरी तर्जुमा गरिएको बजेट समेत सम्झनुपर्छ।

भ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्तरतष्ट्रिय गैरसरकारी संस्था सम्झनुपर्छ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

म) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ।

य) "सामुदायिक संस्था" भन्नाले जनचेतनासम्वन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरू आधारित संस्था सम्झनुपर्छ।

र) "गैर सरकारी संस्था" भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ।

ल) "टोल विकास संस्था" भन्नाले ऐनको दफा १२ (२) क बमोजिम सामाजिक परिचालकको अवधारणा बमोजिम गठन हुने समूह सम्झनुपर्छ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना, २०८०

### १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने तथा आर्थिक समानता, सवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था रहेको छ। लैंगिक विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातीक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। नेपाल विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय अभिसन्धिहरूको पक्षधर राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानूनी रूपले स्वीकार गरी अन्तराष्ट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ।

नेपालको संविधान, २०७२ को भाग ३ मा उल्लेखित मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको हक अन्तर्गत समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। त्यसैगरी धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनमा नै लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरेको छ। ऐनको दफा २४ उपदफा २ मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ। उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य तथा अधिकारमा लैंससास सम्बन्धी



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

व्यवस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैंगिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ। स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैंससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ।

नेपाल सरकारले राष्ट्रिय लैंगिक समानता नीति, २०७७ लागु गरेको छ। जसले देश भर महिला, किशोरी र बालिकाको सामाजिक आर्थिक विकासको लागि नीतिगत र संरचनागत व्यवस्था, लैंगिक शोषण, हिंसा र शोषणको अन्त्य गरी लैंगक मूल्य मान्यतामा आधारित समतामूलक समाजको स्थापना, लैंगिक उत्तरदायी शासन पद्दतिको कार्यान्वयन र महिला आर्थिक सशक्तिकरणलाई प्रवर्द्धन गर्ने नीति र कार्यनीतिहरुको व्यवस्था गरेको छ। सामाजिक समावेशीकरण नीति २०७८ नमुना, लैंगिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी संहिता २०७४ र मुलुकी अपराध संहिता २०७४, लगायत राष्ट्रिय नीति तथा कानुनहरूले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरूको व्यवस्था गरेको छ।

लैंगिक समानता र सामाजिक समाबेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ। त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र १८२० ले ससस्त्र द्वन्द्धको समय र द्वन्द्व पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ। बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन सुनिश्चित गरेको छ। सन १९९५ को बेइजिङ घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरु समाबेश गरिएको छ। दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं. ५ ले लैंगिक समानता र लक्ष्य नं. १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ।

संविधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताको सिद्धान्तका आधारमा राज्य संरचनाका सबै अंगहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ। अतः लैंससास स्थानीयकरण रणनीति



राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल

२०७५, को अधिनमा रही यस राजदेवी नगरपालिकाको "लैंगिक सामानता तथा सामाजिक समावेशीकरण रणनीति" तर्जुमा गरिएको छ ।

## २. नगरपालिकाको संक्षिप्त परिचय

मधेश प्रदेश अन्तर्गतका जिल्लाहरु मध्ये एक हो रौतहट जिल्ला । रौतहट जिल्लामा रहेका अठारह स्थानीय तहहरु मध्येको एक स्थानीय तह हो राजदेवी नगरपालिका । यो नगरपालिका जिल्लाको दक्षिण पूर्वी भेगमा अवस्थित रहेको छ । दक्षिणमा भारतको बिहार राज्यसंग सिमाना टाँसिएको यस नगरपालिकाको पूर्वमा बाग्मती नदी, पश्चिममा गौर नगरपालिका, उत्तरमा दुर्गाभगवती गाउँपालिकासंग सिमाना जोडिएका छन् । साविकका पथरा, राजदेवी, मुडबलवा, लक्ष्मीपुर बेल्बिछवा, ब्रह्मपुरी, हजमिनियाको २ र ५, बसतपुरको ३ र ४ लाई समावेश गरि यस नगरपालिकाको गठन भएको हो । जम्मा नौ वटा वडा रहेको यो नगरपालिकाको कुल क्षेत्रफल २८.२१ वर्ग कि.मी. रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा पुरुषको जनसंख्या १७८७१ (५०.१ प्रतिशत) र महिलाको जनसंख्या १७७८७ (४९.९ प्रतिशत) गरि कुल जनसंख्या ३५६५८ रहेको छ । यस नगरपालिकाको लैङ्गिक अनुपात १००.४७ रहेको छ । कुल ६१४६ परिवारहरु रहेको यस नगरपालिकाको जनघनत्व १२६४ प्रति वर्ग कि.मी. रहेको छ । पुरुष साक्षरता दर ७०.८ प्रतिशत र महिला साक्षरता दर ५१.८ प्रतिशत रहेको यस नगरपालिकाको कुल साक्षरता दर ६१.३ प्रतिशत रहेको छ । अपाङ्गता भएका कुल जनसंख्या १.५ प्रतिशत मध्ये महिलाको जनसंख्या १.३ प्रतिशत र पुरुषको जनसमख्या १.७ प्रतिशत जनसंख्या रहेको छ । कुल बालबालिकाको जनसंख्या ५५८५ मध्ये १५.२ प्रतिशत बालबालिकाको जन्मदर्ता नभएको तथ्यांक छ ।

## ३. रणनीतिक योजनाको आवश्यकता र औचित्य

लैंगिक विभेद, सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था नेपालको संविधान, २०७२ को प्रस्तावनामा उल्लेख रहेको छ । त्यस्तै गरि मौलिक हकको रुपमा रहेको महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले व्यवस्था गरेको लैंगिक समता तथा सामाजिक समावेशिकरणका विषयहरुलाई कार्यान्वयन गर्नको लागि रणनीतिको योजना आवश्यक रहेको छ ।

- संघीय र प्रदेश सरकारबाट जारी भएका लैससास सम्बन्धि विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरू मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्यांकन प्रक्रिया र स्थानीय तहको कार्य



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

सम्पादनमा लैससास सम्वोधन गर्ने गरी लैससास अवधारणासंग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन

- लैससासको कार्यान्वयन तहमा आएका चुनौतिहरु सामना गर्न
- स्थानीय आवश्यकता अनुसार लैससको सवाल, समस्या पहिचान गरि सोहि अनुरुप निराकरण गर्न
- विभिन्न समूहका महिलाहरूबीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरूलेसेवा सुविधा प्राप्त गर्न
- नगरपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्न
- नगरपालिकाभित्र कार्यरत सरकारी, विभिन्न संजालहरू, उपभोक्ता समिति, निजी क्षेत्र, सामुदायिक संघसंस्था, सहकारी तथा गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रम र बजेटलाई समेत लैससास उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्न ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको कानूनी आधारहरु

लैंससास रणनीतिको तर्जुमा कार्यका लागि निम्न कानूनी आधारहरू रहेको छ ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७
- पन्ध्रौं योजना
- लैंससास स्थानीयकरण रणनीति, २०७५
- दीगो विकासका लक्ष्यहरू
- प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७
- लैंगिक उत्तरदायी बजेट तर्जुमा स्थानीयकरण रणनीति, २०७२



राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल

## ५. अवस्था विश्लेषण

### ५.१.१ सबल पक्षहरु

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अद्यावधिक गरेको ।
- महिला, बालबालिका, पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि योजनाहरु सञ्चालन भएको ।
- विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भई नीतिगत रुपमा लैससास लाई सम्बोधन गरेको
- अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई कार्यान्वयनमा रहेको ।
- समितिहरुमा महिला तथा लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको ।
- महिला तथा बञ्चितिकरणमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको
- महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा सहितको संगठन संरचना भएको
- स्थानीय तहले गठन गर्ने समिति/उपसमितिहरुमा महिलाको सहभागिता सुनिश्चित गरिएको
- लक्षित वर्गको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन हुने गरेको ।
- नीति तथा कार्यक्रममा महिला विरुद्ध हुने सबै प्रकारका विभेद एवं हिंसा निवारण गर्ने कार्यक्रमहरु समावेश हुने गरेको ।
- विद्यालयमा अध्ययनरत् किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गर्ने गरिएको ।
- महिला तथा बञ्चितिकरणमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर न्यायिक समितिमा सुनुवाई हुने प्रवन्ध मिलाईएको

### ५.१.२ कमजोर पक्ष

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको
- स्थानीय तहको योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षबाट हेर्ने नगरेको,
- लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षणलाई बजेट व्यवस्था नभएको,
- उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको,
- योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणबाट विश्लेषण भएको अभिलेख नभएको,
- महिला पुरुष बीचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको,



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

- कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता बनाएर लागू नभएको,
- स्थानीय तहका सबै पदाधिकारीहरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका बारेमा अभिमुखीकरण नभएको
- लैंगिक हिंसा मुक्त स्थानीय तह घोषणा हुन नसकेको
- नगरपालिकाको कार्यालय, अन्तर्गतका कार्यालयहरु तथा सार्वजनिक स्थलहरुमा स्तनपान गृह नरहेको
- यौनिक तथा लैंगिक अल्पसंख्यकका लागि बजेट विनियोजन तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको
- योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैंससासका दृष्टिकोणका आधारमा नभएको
- सामाजिक संजालमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना, समाचार तथा सन्देशमूलक विषयवस्तु आदि प्रकाशन नभएको।

### ५.१.३ अवसर

- विभिन्न जातजाती, समुदाय बीच सामाजिक र सांस्कृतिक विवधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागू गर्न सकिने,
- आवश्यक पर्ने कानून नीति नियम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा हुनु
- विभिन्न गैहसरकारी संघसंस्थाहरु लैंससास लाई कार्यक्षेत्रको रुपमा स्थानीय तहमा सहकार्य गर्नु
- महिला तथा लक्षित वर्गका विभिन्न समूहहरु क्रियाशिल हुनु
- स्वास्थ्य बिमा कार्यक्रमलाई सबै घरधुरीमा पुर्याउन प्राविधिक सहयोगका लागि गैससले काम गरिहेको,
- आधा घण्टाको पहुँच भित्र सबै नागरिकका लागि स्वास्थ्य सेवाको पहुँच हुनु (सबै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने)
- किसान सम्मान अभिनन्दन पुरस्कार आदि कार्यक्रम नियमित रुपमा हुनु (किसान र कृषि प्रवर्द्धन गर्न सकिने)
- कृषि तथा नैतिक शिक्षा जस्ता व्यवहारिक विषयहरु विद्यालयमा पठनपाठन हुनु,
- अन्तराष्ट्रिय सन्धि सम्झौता तथा प्रतिबद्धताहरुलाई स्थानीयकरण गर्न गैससले प्राविधिक सहयोग पुर्याउनु,
- अनुगमन मूल्याङ्कनमा लैंससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु,
- अन्तराष्ट्रिय प्रतिबद्धता तथा महासन्धीहरुका बारेमा जनप्रतिनिधिहरु जानकार हुनु।

### ५.१.४ चुनौती

१. छुवाछुत, लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत हानिकारक मुल्य मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटीलता।

२. मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन।

३.संघियता कार्यान्वयनमा स्थानीय तहलाई छुट्टै सरकारको मान्यता पाउन नै कठीन।

४.गरिबी पहिचानका आर्थिक, सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न।

५.विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिक को कामको मूल्याङ्कन गर्न।

६.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम, कानून कार्यविधि, कार्यान्वन समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीय छुवाछुद, बोक्सीको आरोप लगाउने, घरेलु हिंसा,वाल विवाहको अन्त्यका लागि विभिन्न कार्यक्रम हरु सञ्चालन गर्न ।

८.संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन।

९.कृषि प्रति युवा लाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न।

१०.सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न।

११ दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु।

## ६. सरोकारवालाको पहिचान तथा विश्लेषण

| प्रत्यक्ष सम्पर्क हुने | दोश्रो माध्यमबाट सम्पर्क हुने | अप्रत्यक्ष सम्पर्क हुने |
|---|---|---|
| महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सबै |
| शिक्षा शाखा | बैंक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | बाल क्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगरिक मिलन केन्द्रहरु | महिला आयोग |



राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल

| | | |
|---|---|---|
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सबै वडा कार्यालयहरु | गैहसरकारी संस्थाहरु | मुस्लीम आयोग |
| नगर कार्यपालिकाको कार्यालय | महिला स्वयम् सेविकाहरु | राष्ट्रिय योजना आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| रोजगार सेवा केन्द्र | सञ्चार माध्यमहरु | |
| नगर सभा | उद्योग वाणिज्य संघ | |
| कृषि तथा पशु सेवा शाखा | जिल्ला प्रहरी कार्यालय | |
| | स्वास्थ्य चौकी | |
| | उपभोक्ता समूह | |

## ७. लक्षित वर्गको पहिचान

लैंगिक समानता तथा समावेशीकरणको मुख्य लक्ष्य नै लक्षित वर्गलाई विकासको मूलधारमा ल्याउनु हो । त्यसका लागि देहायका लक्षित वर्गहरुको पहिचान गरिएको छ ।

| | | |
|---|---|---|
| महिला | आदिवासी जनजाति | विपन्न वर्ग |
| एकल महिला | किसान | अपाङ्गता भएका व्यक्ति |
| बालबालिका | द्वन्द्वपिडित | पिछडिएको वर्ग र समुदाय |
| ज्येष्ठ नागरिक | मजदुर | सुकुम्वासी |
| लैंगिक तथा यौनिक अल्पसंख्यक | दलित | |

## ८. दीर्घकालीन सोंच

लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

## ९. लक्ष्य

समाजमा विद्यमान मूल्य मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याई लैङ्गिक, जात्तीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समावेशी, समतामूलक, समृद्ध र न्यायर्पूण समाजको निर्माण गर्ने ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

## १०. उद्देश्य

१. महिला तथा लक्षित एवं सिमान्तकृत वर्गको सशक्तिकरण गरि सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा पहुँच अभिवृद्धि गर्न नीतिगत र संरचनागत व्यवस्था गर्नु।

२. महिला तथा लक्षित वर्गलाई सशक्तिकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनमा पहुँच र नियन्त्रण बढाउनु।

३. सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सामाजिक न्याय सहितको सभ्य समाजको निर्माण गर्नु।

४. लैङ्गिक उत्तरदायी शासन व्यवस्था अबलम्बन गर्नु।

५. नगरपालिकाको नीति, योजना र कार्यक्रममा लक्षित वर्गहरुलाई समावेश गरी मूलप्रवाहीकरण गर्नु।

६. लैससास अनुसार संस्थागत सुशासन अभिवृद्धि गर्नु।

७. बालबालिकाको सर्वाङ्गिण विकासको लागि बालअधिकारको सुनिश्चितता गर्नु।

## ११. रणनीति

११.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने।

११.२ पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

११.३ उपलब्ध स्रोत साधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित वर्गको सशक्तीकरण गर्ने।

११.४ नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका लक्षित वर्गहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।

११.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने।

## १२. कार्यनीति

### १२.१ रणनीति ११.१ "लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने" संग सम्बन्धित कार्यनितिहरु।

१२.१.१ स्थानीय आवश्यकता अनुकूल हुने गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानुन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१२.१.२ लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुरूप मातहतका क्षेत्रगत विषय तथा निकायको कानुन, नीति, योजना, रणनीति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ।



SARATHI
Sandhan tatha Bikash Pvt. Ltd.
राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

१२.१.३ नेपाल पक्ष भएका यस सम्बन्धी अभिसन्धिहरू अनुरूपका दायित्वहरूलाई कार्यान्वयन गर्न कानुन तथा कार्यविधि परिमार्जन तथा तर्जुमा गरिनेछ।

१२.१.४ आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकहरूको सबै विषय क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न मौजूदा कानुनहरूमा परिमार्जन गरिनेछ।

१२.१.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई स्थानीय गैह सरकारी संस्था र सरोकारवालाहरूको नीति तथा रणनीतिमा आत्मसात् गर्न पहल गरिनेछ।

१२.१.६ सहकारी, सामुदायिक, गैहसरकारी र निजी क्षेत्र लगायत सबैको भूमिका र दायित्व स्पष्ट गरी परिचालन गर्न ती निकायबाट संचालित लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी योजना तथा कार्यक्रमहरूलाई स्थानीय तहको योजना प्रक्रियामा आवद्ध गरिनेछ।

१२.१.७ टोल तथा बस्तीस्तरदेखि नै स्थानीय समस्याहरू पहिचान गरी लक्षित समूह मार्फत सहभागितामूलक लैंगिक समानता तथा सामाजिक समावेशीकरण लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीलाई संस्थागत गरिनेछ।

१२.१.८ लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि विभिन्न निकाय वा सङ्घ संस्थाबाट सञ्चालित लक्षित कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन समन्वय गरिनेछ।

१२.१.९ लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा भएको लगानी र सोको प्रतिफलको एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरी मूल्याङ्कन गरिनेछ।

१२.१.१० लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन गर्न सबै संयन्त्रलाई परिचालन गरिनेछ।

१२.१.११ विद्यमान संरचनाहरूमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी आवश्यक संरचनाहरूलाई समाहित गरी लक्षित कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, मूल्याङ्कन तथा समन्वयको कार्य गरिनेछ।

१२.१.१२ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क पदाधिकारी (Focal Person) तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरी सूचना आदान प्रदान गर्ने पद्धति स्थापित गरिनेछ।

१२.१.१३ जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिको संरक्षणका लागि भइरहेका संरक्षण गृहहरूको संरक्षण र उपयोग गर्दै आवश्यकतानुसार नयाँ संरचना स्थापना र सञ्चालन गरिनेछ।

१२.१.१४ पछाडि परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरूको सहभागितामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

१२.१.१५ जोखिम तथा पारिवारिक हिंसामा परेका, महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावक विहीन नागरिकहरुको संरक्षण, पुनःस्थापन तथा क्षमता विकास गर्न सामुदायिक, सहकारी तथा गैहसरकारी संस्थाहरू र निजी क्षेत्र समेतलाई परिचालन गरिनेछ।

१२.१.१६ प्रत्येक वडाभित्रका पछाडि परेका नागरिकहरूको पहिचान गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मान्यता बमोजिम सशक्तीकरण गर्न सामुदायिक, सहकारी तथा गैहसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

१२.१.१७ सामुदायिक, सहकारी तथा गैहसरकारी संस्थाहरू र निजी क्षेत्रलाई विषय क्षेत्रगत ज्ञान तथा अनुभवका आधारमा लक्षित वर्गको बहुपक्षीय हितका लागि कार्यगर्न आवश्यक योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न गराउन अभिप्रेरित गरिनेछ।

१२.१.१८ उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्न सामुदायिक, सहकारी तथा गैहसरकारी संस्थाहरूलाई समेत परिलक्षित गरिनेछ।

१२.१.१९ पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणको महत्व, आवश्यकता र अपरिहार्यताका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२.१.२० प्रत्येक वडामा रहने टोल विकास संस्थाहरूको गठन प्रक्रियामा पछाडि परेका व्यक्ति तथा समुदायलाई समेट्ने गरी प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

१२.१.२१ टोल विकास संस्था, उपभोक्ता समिति, समूह परिचालन तथा स्थानीय सहकारी संस्थाहरू लगायतलाई क्षेत्रगत कार्यक्रमहरूमा पछाडि परेका व्यक्ति तथा समुदायको सहभागिता तथा संलग्नता वृद्धि गर्न समन्वयात्मकरूपमा परिचालन गरिनेछ।

१२.१.२२ लक्षित वर्गको सहभागितामा यस्ता कार्यक्रमहरूको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१२.१.२३ लैंगिक समानता तथा सामाजिक समावेशीकरणका नीतिहरूको प्रभाव र परिणामका सम्बन्धमा आवधिक रूपमा तथ्यगत तथा वस्तुनिष्ठ समीक्षा गरिनेछ।

### १२.२ रणनीति ११.२ "पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने" संग सम्बन्धित कार्यनितिहरु।

१२.२.१ विभिन्न लक्षित वर्ग र समुदायबीच सामाजिक क्षेत्रमा रहेको अन्तरलाई कम गर्न त्यस्ता वर्ग, क्षेत्र र समुदायको पहिचान गरी स्थानीय संरचना, स्रोत साधन, अवसर र लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

१२.२.२ लक्षित समुदायका मानव विकास सूचकाङ्कका आधारमा विशेष कार्यक्रमहरू सञ्चालन गरी जीवनस्तरमा सुधार गरिनेछ।

१२.२.३ सीमान्तीकृत तथा पिछडिएका क्षेत्रका नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२.२.४ समाजमा विद्यमान सबै प्रकारका भेदभावजन्य व्यवहार, छुवाछुत र कुरीतिको अन्त्यका लागि आवश्यक कानूनहरूको तर्जुमा गरिनेछ।

१२.२.५ समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य मान्यता, कुरीति, छुवाछुत तथा भेदभावजन्य प्रचलन र व्यवहार विरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२.२.६ सामाजिक आचरण र व्यवहार सम्वन्धी आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

१२.२.७ सामाजिक भेदभावजन्य कार्य विरुद्धका कानुनहरूको वडा तथा नगरस्तरमा प्रबोधीकरण गरी कानुनी व्यवस्थाको परिपालनामा जोड दिइनेछ।

१२.२.८ बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन सबै वडा कार्यालयहरुलाई सक्रिय गराइनेछ।

### १२.३ रणनीति ११.३ "उपलब्ध स्रोत साधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित वर्गको सशक्तीकरण गर्ने" संग सम्बन्धित कार्यनितिहरु।

१२.३.१ महिला तथा विपन्न वर्ग लगायत पछाडि परेका समुदाय तथा व्यक्तिहरूका लागि सीप विकास तालिम, छात्रवृत्ति कर्जा, शिक्षा तथा रोजगारीमा प्राथमिकता दिइनेछ।

१२.३.२ आर्थिक तथा सामाजिक रूपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ।

१२.३.३ असहाय अवस्थामा रहेका एकल महिलाहरूको पहिचान गरी उनीहरूको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जन गर्न सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

१२.३.४ जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण र सशक्तीकरण गरी स्वावलम्बन गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१२.३.५ प्रजनन अवस्थाका सेवा सुविधाहरूको सुनिश्चितता गर्न, बालवालिकाहरूको सर्वोत्तम हित गर्न तथा बालबालिकाको पालनपोषण र परिवारको हेरचाहका काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्न विषय क्षेत्रगत निकाय मार्फत आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१२.३.६ आर्थिक, सामाजिक रूपले पछाडि परेका लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवम् समूह वचत परिचालन मार्फत वित्तीय स्रोतमा पहुँच स्थापित गरिनेछ।



राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल
SARATHI
...andhan tatha Bikash Pvt Ltd

१२.३.७ लक्षित वर्गलाई बचत परिचालन कार्य मार्फत आर्थिक रूपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१२.३.८ आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएका वर्ग तथा नागरिकहरूलाई लक्षित गरी समुदायस्तरमा सहकारी व्यवसाय मार्फत् उनीहरूको जीवनस्तर अभिवृद्धि गर्ने कार्य गरिनेछ।

१२.३.९ स्थानीयस्तरमा परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ।

१२.३.१० लक्षित वर्गमा रोजगारीका अवसर, लाभको न्यायोचित वितरण र समतामूलक पहुँचको सुनिश्चित गरी सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिनेछ।

१२.३.११ लोपोन्मुख, सीमान्तीकृत, अल्पसङ्ख्यक लगायत विपन्न वर्गको पहिचान गर्दै उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न एवं अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै ती समुदाय तथा वर्गसँग सरोकार राख्ने विषयका निर्णयमा उनीहरूलाई सहभागी गराउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

१२.३.१२ सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिकरूपले विपन्न वर्गलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

१२.३.१३ वडा कार्यालयहरू मार्फत् जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिहरूको पहिचान गरी अभिलेखीकरण गर्ने कार्य गरिनेछ।

१२.३.१४ जोखिम र हिंसामा परेका व्यक्तिहरूलाई परिवार र समाजमा पुनर्स्थापना गर्न आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

१२.३.१५ अपाङ्गता भएका व्यक्ति, बालवालिका तथा लैङ्गिक संवेदनशीलमैत्री भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराइनेछ।

१२.३.१६ लैङ्गिक संवेदनशील विषयहरूको पहिचान गरी सो अनुरूप कार्यस्थल वातावरणलाई अनुकूल तुल्याइनेछ।

१२.३.१७ भौगोलिक विकटता र विपन्नताका कारण स्वास्थ्य तथा उपचार सेवा नपाई जीवन जोखिममा रहेका महिला तथा बालबालिकाहरूलाई तत्काल उद्धार गरी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१२.३.१८ लैङ्गिक हिंसामा परेका व्यक्ति, संरक्षण गर्नुपर्ने बालबालिका तथा मानसिक समस्या भएका व्यक्ति लगायतको पहिचान गरी आवश्यक संरक्षण, पुनर्स्थापन र सशक्तीकरण गरिनेछ। साथै स्थानीयस्तरमा रहेका पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रहरूको सुदृढीकरण गरिनेछ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

१२.३.१९ अपाङ्गमैत्री, बालबालिकामैत्री तथा लैङ्गिकमैत्री भौतिक संरचना निर्माणको सुनिश्चितताका लागि सरोकारवालाहरूको क्षमता विकास गरिनेछ।

१२.३.२० लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी चेतनामूलक तथा प्रचार प्रसारमूलक श्रव्य दृश्य लगायतका सामाग्रीहरू निर्माण गरी उपयोग गरिनेछ।

१२.३.२१ जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय संचार माध्यम लगायत सहयोगी सङ्घ संस्थाहरूलाई समेत परिचालन गरिनेछ।

१२.३.२२ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिको वडा तथा नगर स्तरमा प्रबोधीकरण गरिनेछ।

१२.३.२३ समावेशीकरणका मान्यतालाई संस्थागत गर्न सबै वडाहरूमा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन ढाँचा तयार गरी सो अनुरूप लागू गर्न प्रेरित गरिनेछ।

### १२.४ रणनीति ११.४ "नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका लक्षित वर्गहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने" संग सम्बन्धित कार्यनीतिहरु।

१२.४.१ प्रत्येक वडामा मानव विकास सूचकाङ्क, वहुआयामिक गरीवि मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत अद्यावधिक खण्डीकृत तथ्याङ्क राखिनेछ।

१२.४.२ वडा र विषय क्षेत्रबाट लक्षित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

१२.४.३ समानुपातिक समावेशी सिद्धान्त बमोजिम लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय मौजुदा कानुनहरूमा पुनरावलोकन गरी भईरहेका कानुन परिमार्जन तथा आवश्यकता अनुरूप नयाँ कानुन तर्जुमा गरिनेछ।

१२.४.४ योजना प्रक्रियाका चरणहरू लगायत अवसर तथा लाभ वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक कानून, कार्यविधि तथा मापदण्डको परिमार्जन तथा तर्जुमा गरिनेछ।

१२.४.५ लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न भइरहेका कार्यविधि तथा मापदण्डहरूको पुनरावलोकन गरी परिमार्जन गरिनेछ। साथै आवश्यकता अनुसार नयाँ कार्यविधि तथा मापदण्डहरूको तर्जुमा गरिनेछ।

१२.४.६ विभिन्न जाति, लिङ्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेका अन्तर कम गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१२.४.७ पछाडि परेका वर्गहरूको आधारभूत तथ्याङ्कका आधारमा आवश्यकता पहिचान गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ। साथै अति विपन्न वर्गका लागि निश्चित कार्यक्रम तथा बजेटको सुनिश्चितता गरिनेछ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

१२.४.८ लक्षित वर्गहरूलाई अवसरहरूको उपयोग गर्न स्थानीय स्तरमा समूह परिचालन, पारदर्शिता र स्वमूल्याङ्कन विधिको अवलम्बन गरिनेछ।

१२.४.९ लक्षित वर्ग, क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिकरूपले सशक्तीकरण गर्न सकारात्मक विभेद लगायत दक्षता अभिवृद्धि तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१२.४.१० आर्थिक, सामाजिक रूपले पछाडि परेका लक्षित वर्गलाई उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन सीप विकास तालिम प्रदान गरिनेछ।

१२.४.११ लक्षित वर्गको क्षमता विकासका लागि नगरपालिका क्षेत्रभित्र क्रियाशील गैह्रसरकारी संस्था,नागरिक समाज र सञ्चार माध्यमलाई परिचालन गरिनेछ।

## १२.५ रणनीति ११.५ "लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने" संग सम्बन्धित कार्यनीतिहरु।

१२.५.१ लक्षित कार्यक्रम सञ्चालन गर्ने सम्बद्ध निकाय तथा पदाधिकारीहरुको क्षमता विकास एवं संस्थागत सुदृढीकरण गरिनेछ।

१२.५.२ लक्षित कार्यक्रमहरूको सञ्चालन गर्ने निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न त्यस्ता निकायहरूको विषय कार्यक्षेत्रगत अनुभव समेतका आधारमा सूची तयार गरी स्रोत साधनको प्रक्षेपण गरिनेछ।

१२.५.३ सबै वडाहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रसँग सम्बन्धित सूचनाहरू प्रदान गरिनेछ।

१२.५.४ वडा कार्यालयहरुबाट भएका असल अभ्यासहरूको पहिचान तथा दस्तावेजीकरण गरी प्रचारप्रसार गरिनेछ।

१२.५.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सञ्चालित कार्यक्रमहरूबाट प्राप्त अनुकरणीय सिकाइलाई अनुशरण गर्न विभिन्न वडा र विषय क्षेत्रबीच अनुभव आदान प्रदान गरिनेछ।

१२.५.६ लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग भएका अभिसन्धि र द्विपक्षीय तथा वहुपक्षीय प्रतिबद्धताहरूको कार्यान्वयनमा जोड दिइनेछ।

१२.५.७ लैंगिक समानता तथा सामाजिक समावेशीकरणका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास तथा अनुभवहरूको आदान प्रदान गरी स्थानीय कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याइनेछ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

## १३. वित्त व्यवस्थापन

रणनैतिक क्रियाकलापहरु संचालन गर्नका लागि आर्थिक श्रोतको आवश्यकता अहम् भएकोले वाह्य श्रोतको मात्र भर पर्नु हुदैन् । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यलाई मूलप्रवाहीकरण गर्न स्थानीय नीति तथा कार्यक्रम र बजेटलाई लैससास मैत्री वनाउन महत्वपूर्ण रहेको छ । लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसार आर्थिक श्रोतको व्यवस्थापन गरिनु पर्छ ।

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरुसंग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्यक परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्ने ।

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## १४. कानुनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले स्वीकृत गर्नु पर्नेछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ ।

## १५. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

१५.१ यस रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय रणनीति कार्यान्वयन समिति हुनेछ । उक्त समितिमा सामाजिक समावेशी नीति, २०७८ र लैससास परिक्षण दिग्दर्शन, २०७८ को व्यवस्था अनुसार देहायका सदस्यहरु रहनेछन् ।

क) नगर प्रमुख — संयोजक

| | |
|---|---|
| ख) नगर उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ङ) संयोजकले तोकेका कम्तीमा एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य | सदस्य |
| च) संयोजकले तोकेका तीन जना लैससास समूहबाट | सदस्य |
| छ) सामाजिक संघसंस्थाबाट समावेशी प्रतिनिधित्व हुने गरि तीन जना | सदस्य |
| ज) सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

१५.२ नगरस्तरीय रणनीति कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहनेछ;

१५.२.१ समितिको बैठक कम्तीमा छ महिनामा एक पटक बस्नु पर्नेछ। बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१५.२.२ सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाँका तयार गर्ने गराउने।

१५.२.३ नीति तथा रणनीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकाय विच सहकार्य सहजिकरण र समवन्वय गर्ने गराउने।

१५.२.४ सामाजिक समावेशीकरण सम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा गर्न र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम सहयोग सम्बन्धी व्यवस्था गर्ने।

१५.२.५ सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने गराउने।

१५.२.६ सामाजिक समावेशिकरणसंग सहयोगी नीतिहरुसँग समन्जस्यता कायम गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने।

१५.२.७ सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम प्रक्रियाहरु स्थापित गर्न सहयोग गर्ने।

१५.२.८ वडा स्तरमा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने।

१५.२.९ योजना, नीति तथा कार्यक्रम, बजेट तर्जुमा र अनुगमन तथा प्रतिवेदन प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आवद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने।

१५.२.१० सरकारी तथा गैरसरकारी संघसंस्था र नागरिक समाजमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुर्याउने।

१५.२.११ वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परिक्षण गर्ने गराउने।



राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल

१५.२.१२ अन्तराष्ट्रिय स्तरमा भए गरेका लैङ्गिक तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रतिबद्धताहरुलाई स्थानीयस्तरमा लागु एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण, प्रोतसाहन र आवश्यक सहयोग गर्ने ।

१५.२.१३ आर्थिक एवं सामाजिक रुपमा पछाडि परेका वर्ग जातजाति, लिङ्ग, क्षेत्र एवं समुदायको प्रत्यक्ष फाईदा हुने गरी सामाजिक समावेशीकरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन भए नभएको अनुगमन गर्ने ।

१५.२.१४ सामाजिक समावेशीकरण रणनीति कार्यानवयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आंकलन र जोखिम व्यवस्थापन गर्ने गराउने ।

## १६. रणनीति कार्यान्वयन अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

यो रणनीति योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था गरिएको छ ।

१. नगरपालिका स्तरीय लैससास मूलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि लैससास तथा तथ्यांक सम्बन्धी ज्ञान भएको कर्मचारी, पदाधीकारी सहितको ५ सदस्य अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिनेछ ।

२. लैससास मूलप्रवाहीकरण रणनीतिक योजानाको हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी समिक्षा गरिनेछ ।

३. अनुगमन तथा मूल्यांकन समितिको प्रतिवेदनले रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक देखिएमा सुधार गर्नुपर्ने पक्षहरु समेटिएको प्रतिवेदनको आधारमा रणनीति कार्यान्वयन समितिको सिफारिसमा नगर कार्यपालिकाले सरोकारवालाहरुसंगको छलफल एवं परामर्शमा रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न सक्नेछ ।

४. रणनीति कार्यान्वयनबाट भए गरेका उपलब्धीहरु बारे यथार्थ अवस्था पत्ता लगाउन एवं देखिएको प्रभाव सम्बन्धमा रणनीति कार्यान्वयन समितिले तेश्रो पक्षबाट रणनीतिको मूल्यांकन वा प्रभाव मूल्यांकन गर्न नगर कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ ।

## १७. जोखिम व्यवस्थापन

लैससास सम्बन्धी रणनीति कार्यान्वयन गर्ने क्रममा केहि जोखिमहरु पनि आउन सक्ने सम्भावना रहेको देखिन्छ । वितरणमुखी बजेट बढी लोकप्रिय भएकोले सचेतना र सशक्तीकरण क्षेत्रमा बजेट विनियोजन नहुने जोखिम प्रशस्त मात्रामा देखिन्छ । समाजमा रहेका परम्परागत मूल्य र मान्यताले पनि जोखिम निम्ताउन सक्दछ । मधेशमा विशेष गरेर जातिय छुवाछुत, बालविवाहको प्रचलन आदिले गर्दा लैससास कार्यान्वयन तहमा जोखिम आउन सक्छ ।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल

## १७.१ सम्भाव्य जोखिम

लैससास रणनीति कार्यान्वयनमा देहाय अनुसारका सम्भावित जोखिमहरु आउन सक्ने देखिन्छ।

१. श्रोत साधनको कमी

२. कार्यान्वयन क्षमताको कमी

३. विभिन्न निकायहरुसंग समन्वय र सहकार्यको कमी

४. अनुगमन तथा मूल्यांकनको प्रभावकारिताको अभाव

## १७.२ जोखिम न्यूनिकरणको लागि ध्यान दिनुपर्ने कुराहरु

१. रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि विकास साझेदारहरुसंग श्रोत व्यवस्थापनको सहकार्य गर्ने

२. रणनीति योजनामा समावेश भएका क्रियाकलापहरुलाई तहगत रुपमा वर्गीकरण गरि कुन वर्षमा के गर्ने भनि प्राथामिकीकरण गर्ने।

२. लैससासमा काम गर्ने सम्पूर्ण निकाय र संस्थाहरु विच साझा बुझाइ कायम गर्ने

३. लैससास कार्यान्वय समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने।

४. कार्यक्रम सञ्चालनको लागि आवश्यकता अनुसार विभिन्न निकाय, संघसंस्थाहरुसँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने।



राजदेवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल